# बुद्धभूमि नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक बुद्धी, कपिलवस्तु
५ नम्वर प्रदेश, नेपाल

**कोभिड विशेष कृषि कार्यक्रमको प्रस्ताव आव्हानको सूचना ।**

(प्रथम पटक प्रकाशित मितिः २०७७/०२/१९)

चालू आ.व.२०७६/०७७ मा यस बुद्धभूमि नगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार कोभिड विशेष कृषि कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषक/कृषक समुह/कृषि सहकारी संस्था लिमिटेडले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको कम्तिमा मितिले १५ दिन भित्र (मिति २०७७/३/१ गते भित्र) यस कार्यालयमा तपसिलको विवरण पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल विवरण

क) विदेशबाट फर्केका र व्यवसाय उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम

ख) कार्यक्रम सञ्चालन हुने स्थान- बुद्धभूमि नगरपालिकाको सम्पुर्ण वडाहरु

ग) पशु वा वालीको नाम-तरकारी खेति, फलफूल खेति, मौरीपालन,कुखुरापालन, बंगुरपालन वा बाख्रापालन र धान बालीको बीउ उत्पादन

घ) कोभिड विशेष कृषि कार्यक्रमको लागि मापदण्डः

| सि.नं. | विवरण | क्षेत्रफल वा संख्या | अनुदान रकम रु |
|---|---|---|---|
| १ | विदेशबाट फर्केका र व्यवसाय उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम | खेतिमा कम्तिमा ३ देखि ५ कठ्ठा, मौरीपालनमा कम्तिमा ३ घार कुखुरा कम्तिमा ५० चल्ला र बंगुर तथा बाख्रा कम्तिमा ५ वटा पालेको हुँनु पर्ने | बढिमा रु २०,००० वा बिल रकमको ७५ प्रतिशत रकम |
| २ | बालीको उत्पादन र उत्पादकत्व वृद्धिका लागि बीउ उत्पादक समूह वा सहकारीलाई प्रोत्साहन कार्यक्रम | धान, मकै, गहुँ ,आलु, तरकारी बालीको बीउ उत्पादन | प्रति विगाह बढिमा रु २०००० वा विल रकमको ७५ प्रतिशत |

ङ) पेश गर्नुपर्ने कागजातहरु

१. निवेदन फाराम

२. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्र वा विदेशबाट फर्केको भए प्रमाणपत्रको फोटोकपी

३. अनुसूची-४ अनुसारको प्रस्ताव ढाँचा

४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत